## जिल्लास्थित संघ तथा प्रदेश सरकारका अन्तर्गतका सरकारी कार्यालयहरु र स्थानीय तहहरुले गत आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका गतिविधिहरुको सम्बन्धमा

# जिल्लास्तरीय वार्षिक समीक्षा प्रतिवेदन

२०८१ भाद्र

**जिल्ला समन्वय समितिको कार्यालय**

**भद्रपुर, झापा**

**कोशी प्रदेश, नेपाल**

विषय सूची

**परिच्छेद – एक: परिचय**

१. पृष्ठभूमि
२. जिल्लाको संक्षिप्त वस्तुस्थिति
३. जिल्लास्तरीय वार्षिक समीक्षाको उद्देश्य
४. समीक्षाको क्रममा अपनाइएका विधि र प्रक्रिया
५. अध्ययनको सीमा

**परिच्छेद – दुई: स्थानीय तहहरुको तुलनात्मक अवस्था**

६. स्थानीय तहहरुको आय र व्ययको तुलनात्मक अवस्था
७. स्थानीय तहहरुको विषयक्षेत्रगत बजेट वितरण तथा प्रगति अवस्था
८. स्थानीय तहहरुको बेरुजुको अवस्था
९. योजनाहरुको संख्यात्मक विवरण तथा कार्यान्वयनको अवस्था
१०. न्यायिक समितिको कार्यसम्पादनको अवस्था
११. नदीजन्य पद्धार्थको आय बन्दोवस्त सम्बन्धी प्रगतिको अवस्था
१२. स्वीकृत दरबन्दी तेरिज तथा पदपूर्तिको अवस्था
१३. स्थानीय तहभित्र रहेका विद्यालय र विधार्थीहरुको संख्यात्मक विवरण
१४. स्थानीय तहहरुको बहुवर्षिय तथा गौरवका आयोजना र तिनको कार्यान्वयन अवस्था
१५. स्थानीय तहहरुबाट सम्पादित मुख्य मुख्य कार्यहरुको विवरण
१६. स्थानीय तहहरुका समस्या तथा चुनौतीहरु
१७. समस्या समाधानका लागि प्राप्त सुझावहरु

## परिच्छेद – १ : परिचय

### १. पृष्ठभूमि

संविधानत: जिल्ला समन्वय समितिले जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्दै विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न आवश्यक समन्वय, सहजीकरण तथा अनुगमन गर्दै पृष्ठपोषण दिने कार्य जिम्मेवारी रहेको पाइन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा भएको व्यवस्था अनुरुप प्रत्येक वर्ष जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदलाई आमन्त्रण गरी सुझाव लिने प्रावधान रहेको छ। सोही व्यवस्था अनुरुप जिल्ला समन्वय समिति झापाले मिति २०८१ भाद्र १२ र १३ गते जिल्लास्तरीय वार्षिक समीक्षा कार्यक्रमको आयोजना गरी जिल्लास्थित सबै स्थानीय तहहरु र संघ तथा प्रदेश सरकार मातहतका सरकारी कार्यालयहरुलाई गत आ.व. २०८०/८१ मा सम्पादित मुख्य मुख्य कार्यहरुको प्रगति विवरण सहित प्रस्तुतीकरणका लागि आमन्त्रण गरेको थियो। कोशी प्रदेश सरकारका खानेपानी तथा उर्जा मन्त्री माननीय श्री एकराज कार्कीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त २ दिने समीक्षा गोष्ठी कार्यक्रममा नगर प्रमुख, गाउँपालिका अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष, प्रमुख जिल्ला अधिकारी, प्रमुख प्रशासकीय अधिकृतज्यूहरु लगायत जिल्ला समन्वय समितिका पदाधिकारीहरुको सकृय सहभागिता रहेको थियो।

### २. जिल्लाको संक्षिप्त वस्तुस्थिति

नेपालको कोशी प्रदेशमा रहेको अत्याधिक उर्वर तथा घना वस्ती भएको जिल्ला हो। यसको उत्तरी भाग पहाडी पर्वतमालाले सजिएको छ भने अतिरिक्त सम्पूर्ण भू भाग तराईमा पर्दछ। २६ डिग्री २० मिनेट उत्तरी अक्षांशदेखि २६ डिग्री ५० मिनेट उत्तरी अक्षांशसम्म र ८७ डिग्री ३९ मिनेट पूर्वी देशान्तरदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यो जिल्लाको क्षेत्रफल १६०६ वर्ग कि.मी. रहेको छ। जम्मा पाँच वटा संसदीय निर्वाचन क्षेत्रमा विभक्त यस जिल्लामा ८ नगरपालिका र ७ गाउँपालिका गरी जम्मा १५ वटा स्थानीय तहहरु रहेका छन्। जिल्लाको राजधानी भद्रपुर नगरपालिका स्थित चन्द्रगढीमा पर्दछ। २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजा अनुसार यस जिल्लाको जनसंख्या ९ लाख ५८ हजार ५४ जना रहेको छ। यो जिल्लाको पूर्वमा मेची नदीले भारतको पश्चिम बङ्गाल सँग सिमाना छुट्याएको तथा यस जिल्लाको दक्षिणमा भारतको बिहार राज्य रहेको छ। यसको उत्तरमा ईलाम तथा पश्चिममा मोरङ जिल्ला रहेका छन्। समुन्द्री सतहबाट नेपालको सबैभन्दा होचो भू भाग केचनाकवल ५८ मिटरमा रहेको छ भने नेपालको सबैभन्दा लामो पक्की पुल कनकाई नदिमा ७०२ मिटर पनि यसै जिल्लामा पर्दछ। यस जिल्लाभित्रका प्रमुख व्यापारिक सहरहरु बिर्तामोड, दमक, काँकरभिट्टा, भद्रपुर र धुलावारी पर्दछन भने यस जिल्ला भित्रका पर्यटकीय क्षेत्रहरु कनकाई धाम, सताशी धाम, कोटीहोम, अर्जुनधारा जलेश्वर धाम, जामुनखाडी सिमसार क्षेत्र, किच्चक वध, कचनकवल, मिनी माउण्टेन आदि पर्दछन। कनकाई, बिरिङ, रतुवा, मावा, निन्दा, हडिया र मेची जस्ता नदीहरु यस जिल्लाका प्राकृतिक स्रोतहरु हुन।

## ३. जिल्लास्तरीय वार्षिक समीक्षाको उद्देश्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरुप जिल्ला समन्वय समिति झापाको आयोजनामा गरिएको यस जिल्लास्तरीय वार्षिक समीक्षाको उद्देश्यहरु निम्नानुसार रहेका छन्।

क. जिल्लास्थित संघ तथा प्रदेश सरकार अन्तर्गतका कार्यालयहरु र स्थानीय तहहरुले गत आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका विकास तथा निर्माणसम्बन्धी गतिविधिहरुको समीक्षा गर्नु।

ख. विकास तथा निर्माणसम्बन्धी गतिविधि सञ्चालन गर्ने कार्यालयहरुले विकास तथा निर्माणलाई सन्तुलित ढङ्गले सञ्चालन गरिरहेका छन कि छैनन भन्ने अवस्थाको जानकारी गराउने।

ग. जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय तथा प्रदेश संसद सदस्यहरुको तर्फबाट सुझाव लिने।

घ. विकास तथा निर्माण गतिविधि सञ्चालन गर्ने कार्यालयहरुले सञ्चालन गरेका असल कार्यहरुको समीक्षा गरी आगामी दिनमा निरन्तरताका लागि आधार तयार गर्न तथा सामना गर्नुपरिरहेको समस्या र चुनौतीहरुको समीक्षा गरी भविष्यमा गरिने योजना तर्जुमा तथा कार्यान्वयनका लागि सिकाई आदानप्रदान गर्ने।

## ४. समीक्षाको क्रममा अपनाइएका विधि र प्रकृया

जिल्लास्तरीय वार्षिक समीक्षा गर्ने निर्णय भएपश्चात जिल्ला समन्वय समिति झापाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप विकास तथा निर्माण गतिविधि सञ्चालन गर्ने संघ तथा प्रदेश सरकार अन्तर्गतका विषयगत कार्यालयहरु र जिल्लाभित्रका १५ वटै स्थानीय तहहरुलाई समीक्षाका लागि उपस्थित हुन पत्राचार गरेको थियो। समीक्षाका लागि देहायनुसारका विधि र प्रकृया अपनाइएको थियो।

**क. सहभागिता निर्धारण**

जिल्ला समन्वय समितिको बोर्ड बैठक निर्णय द्वारा जिल्लास्थित संघ तथा प्रदेश सरकार मातहतका सम्पूर्ण सरकारी कार्यालयहरुलाई सहभागी गराउँदा समय अभाव हुने देखिएकाले प्रत्यक्ष रुपमा विकास तथा निर्माण गतिविधि सञ्चालन गर्ने निम्नानुसारका कार्यालयहरुलाई मात्र सहभागी गराइएको थियो।

१. सघन सहरी तथा भवन निर्माण आयोजना झापा
२. पूर्वाधार विकास कार्यालय झापा
३. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना झापा
४. जनताको तटबन्धन कार्यालय, गैडे झापा
५. जलश्रोत तथा सिँचाई विकास डिभिजन झापा
६. कृषि ज्ञान केन्द्र झापा
७. डिभिजन वन कार्यालय झापा
८. स्वास्थ्य कार्यालय झापा
९. घरेलु तथा साना उद्योग कार्यालय झापा
१०. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापा
११. सडक डिभिजन कार्यालय झापा
१२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय झापा
१३. भूमिगत जलसिँचाई आयोजना झापा

स्थानीय तह अन्तर्गत झापा जिल्ला भित्रका ८ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरुलाई समीक्षामा सहभागी हुन पत्राचार गरिएको थियो। आमन्त्रित कार्यालयहरुले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका गतिविधिहरुका सम्बन्धमा जानकारी गराई सुझाव लिने हेतुले झापा जिल्लाबाट संघीय तथा प्रदेश संसदमा प्रतिनिधित्व गर्नुहुने संसद सदस्यज्यूहरुलाई सहभागिताका लागि समन्वय तथा सञ्चार समेत गरिएको थियो। साथै प्रत्येक स्थानीय तहहरुबाट प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्ष सहित प्रमुख प्रशासकीय अधिकृतहरुलाई अनिवार्य सहभागिताका लागि पत्राचार गरिएको थियो भने विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुलाई कार्यक्रममा निमन्त्रणा गरिएको थियो।

**ख. ढाँचा निर्धारण तथा पत्राचार**

जिल्लाभित्रका १५ वटा स्थानीय तहहरुलाई ढाँचा निर्धारण गरी प्रगति विवरण माग गरिएको थियो भने उक्त ढाँचा अन्तर्गत जम्मा १० वटा तालिकाहरु थिए  जस अन्तर्गत क्रमश: स्थानीय तहको आ.व. २०८०/८१ को आय तथा व्यय सम्बन्धी विवरण, विषय क्षेत्रगत बजेट विनियोजन तथा कार्यान्वयन अवस्था, स्थानीय तहको बेरुजु सम्बन्धी विवरण, सभाबाट स्विकृत योजनाहरुको विवरण, न्यायिक समितिको कार्यसम्पादन अवस्था, नदीजन्य पद्धार्थको बिक्री वितरण, स्थानीय तहको स्विकृत दरवन्दी तेरिज तथा पदपूर्ति सम्बन्धी विवरण, स्थानीय तहका बिद्यालय र बिद्यार्थी संख्या, बहुवर्षीय तथा गौरवका आयोजनाहरु, सम्पादित मुख्य मुख्य उल्लेखनिय कार्यहरुको विवरण पर्दछन्।

**ग. प्रस्तुतीकरण**

जिल्ला समन्वय समितिको कार्यालय झापाले जिल्लास्थित स्थानीय तहहरुलाई ढाँचा निर्धारण गरी बार्षिक प्रगति विवरण पेश गर्न पत्राचार गरिएको र समीक्षा कार्यक्रमको पहिलो दिन प्रत्येक स्थानीय तहहरुलाई १० मिनेटको समय प्रदान गरी प्रस्तुतीकरणका लागि आमन्त्रण गरिएको थियो।

**घ. प्रश्नोत्तर तथा छलफल**

प्रत्येक स्थानीय तहहरुको आलोपालो प्रस्तुतीकरण पश्चात सम्बन्धित स्थानीय तहको बार्षिक कार्यसम्पादनका सम्बन्धमा प्रश्नोत्तर तथा छलफलका लागि १० मिनेटको समय प्रदान गरिएको थियो । सहभागी सरोकारवालाहरुले सम्बन्धित पालिकाको जिम्मेवार नेतृत्वहरुलाई जिज्ञासा, प्रश्न, आलोचना तथा सुझावहरु राखेका थिए।

**ङ. सुझाव संकलन**

जिल्लास्तरीय बार्षिक समीक्षा कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश सरकारका खानेपानी तथा उर्जामन्त्री माननीय एकराज कार्की, जिल्ला समन्वय समितिका पदाधिकारी, स्थानीय तहका जनप्रतिनिधिहरु, पत्रकार तथा सरोकारवाला नागरिकहरुले स्थानीय तहहरुको बार्षिक प्रगति विवरण सम्बन्धमा केही सुझावहरु समेत व्यक्त गरेका थिए।


## ५. समीक्षा प्रतिवेदनको सीमा

जिल्लास्तरीय बार्षिक समीक्षामा विकास निर्माण सँग सम्बन्धित गतिविधिहरु सञ्चालन गर्ने जिल्लाभित्रका सम्पूर्ण स्थानीय तहहरुलाई गत आर्थिक वर्ष २०८०/८१ मा सम्पादित मुख्य कार्यहरु, आर्थिक तथा भौतिक प्रगतिहरुका सम्बन्धमा प्रस्तुतीकरण सहित समीक्षाका लागि आमन्त्रण गरिएको थियो। जिल्ला समन्वय समितिको कार्यालयले नै समीक्षाका लागि ढाँचा निर्धारण गरि आमन्त्रित कार्यालयहरुलाई केही विवरणहरु माग गरेको थियो तसर्थ यस समीक्षा प्रतिवेदनले सहभागी कार्यालयहरुको मुख्यत योजना, बजेट तथा कार्यान्वयनको अवस्था, बेरुजुको स्थिति, दरवन्दीको अवस्था, न्यायिक समितिको कार्यसम्पादन आदि विषयहरुलाई मात्र समेट्ने प्रयास गरेको छ। यस समीक्षा प्रतिवेदनमा समाविष्ट भएका सूचना तथा तथ्याङ्कहरु सम्बन्धित कार्यालयले यस कार्यालयमा प्रस्तुतीकरणका लागि पेश गरेका प्रगति प्रतिवेदनहरुका आधारमा गरिएका छन।

# परिच्छेद – २: स्थानीय तहहरुको तुलनात्मक अवस्था

## ६. स्थानीय तहहरुको आय र व्ययसम्बन्धी तुलनात्मक अवस्था


झापा जिल्ला स्थित जम्मा १५ वटा स्थानीय तहहरुले गत आ. व. २०८०/८१ मा प्राप्त गरेका आय तथा व्ययसम्बन्धी विवरण तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।




## ७. स्थानीय तहहरुको विषयक्षेत्रगत बजेट वितरणको अवस्था

स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय तहहरुले बजेट तर्जुमा गर्दा विशेषत बिषय क्षेत्रगत रुपमै बजेट विनियोजन गर्नुपर्ने प्रावधान रहेको पाइन्छ। झापा जिल्लाका स्थानीय तहहरुले आर्थिक वर्ष २०८०/८१ मा विभिन्न विषयहरु जस्तै: आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत क्षमता विकास अन्तर्गत निम्नानुसार बजेट विनियोजन गरेको देखिन्छ।


१. मेचीनगर नगरपालिकाको विषयक्षेत्रगत बजेट वितरण





२. भद्रपुर नगरपालिकाको विषयक्षेत्रगत बजेट वितरण




३. बिर्तामोड नगरपालिकाको बिषयक्षेत्रगत बजेट वितरण




४. अर्जुनधारा नगरपालिकाको बिषयक्षेत्रगत बजेट वितरण




## ५. कनकाई नगरपालिकाको विषयक्षेत्रगत बजेट वितरण





## ६. गोरादह नपाको विषयक्षेत्रगत बजेट वितरण





## ७. दमक नगरपालिकाको बिषयक्षेत्रगत बजेट वितरण





## ८. कचनकवल गा.पा को बिषयक्षेत्रगत बजेट वितरण




## ९. हल्दिवारी गा.पा को बिषयक्षेत्रगत बजेट वितरण





## १०. बुद्धशान्ति गा.पा को बिषयक्षेत्रगत बजेट वितरण




**११. बाह्रदशी गा.पा को बिषयक्षेत्रगत बजेट वितरण**





**१२. झापा गा.पा को बिषयक्षेत्रगत बजेट वितरण**




**१३. कमल गा.पा को बिषयक्षेत्रगत बजेट वितरण**





**१४. गोरीगञ्ज गा.पा को बिषयक्षेत्रगत बजेट वितरण**




माथी पेश भएका १४ वटा स्थानीय तहहरुको बजेट विनियोजन हेर्दा अधिकांश स्थानीय तहहरुको प्राथमिकतामा १. सामाजिक विकास २. पूर्वाधार विकास रहेको देखिन्छ भने अर्जुनधारा नगरपालिकाले आर्थिक विकासमा जोड दिएको देखिन्छ । त्यस्तै प्राय स्थानीय तहहरुको बिषयक्षेत्रगत बजेट विनियोजनको अवस्था हेर्दा महत्वपूर्ण अन्तर्सम्बन्धित विषयक्षेत्रहरु (Crosscutting Issues) जस्तै वन, वातावरण तथा विपद व्यवस्थापन, सुशासन, सेवा प्रवाह तथा संस्थागत क्षमता विकासमा कम प्राथमिकता रहेको हो कि भन्ने देखिन्छ। झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुले आगामी दिनमा बजेट तर्जुमा गर्दै गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले निर्दिष्ट गरे बमोजिम राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्यहरु सँग स्थानीय तहको लक्ष्य समायोजन गर्दै दिगो विकासका लक्ष्य हासिल गर्न सन्तुलित विकासको अवधारणा लाई आत्मसात गरी योजना तथा बजेट तर्जुमा गर्नुपर्ने देखिन्छ।

## ८. स्थानीय तहहरुको बेरुजुको अवस्था


झापा जिल्ला स्थित स्थानीय तहहरुको आ.व. २०८०/८१ सम्मको फछर्यौट गर्न बाँकी बेरुजु (नियमित गर्नुपर्ने, पेश्की बेरुजु र असुल गर्नुपर्ने) हरुको अवस्था तल दिईएको स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।



## ९. योजनाहरुको संख्यात्मक विवरण तथा कार्यान्वयन अवस्था

जिल्ला समन्वय समितिको कार्यालयले झापा जिल्लास्थित स्थानीय तहहरुलाई गत आर्थिक वर्ष २०८०/८१ मा गाउँ तथा नगर सभाबाट स्वीकृत भएका जम्मा योजनाहरुको संख्यात्मक विवरण तथा तिनीहरुको कार्यान्वयनको अवस्था बुझ्न माग गरेको तथ्याङ्क तथा सम्बन्धित स्थानीय तहहरुले माग भए बमोजिम उपलब्ध गराएको तथ्याङ्कका आधारमा झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुको योजना तर्जुमा प्रणाली तथा कार्यान्वयनको अवस्था निम्नानुसार रहेको तथ्य तल दिईएको स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।


**तालिका ३: योजनाहरुको संख्यात्मक विवरण तथा कार्यान्वयन अवस्था**



## १०. न्यायिक समितिको कार्यसम्पादन अवस्था

झापा जिल्ला स्थित स्थानीय तहहरुको न्यायिक समितिको कार्यसम्पादन अवस्था बुझ्न जिल्ला समन्वय समितिले सम्बन्धित स्थानीय तहहरुलाई गत आ.व. मा दर्ता भएका उजुरी संख्या, फछर्यौट भएका उजुरी, माथिल्लो निकायमा पठाइएका उजुरी संख्या र फछर्यौट हुन बाँकी उजुरीहरुको अवस्था तथ्यगत रुपमा बार्षिक समीक्षा कार्यक्रमका लागि माग भएको आधारमा झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुका न्यायिक समितिको कार्यसम्पादन अवस्थालाई निम्नानुसार स्तम्भचित्रबाट प्रस्तुत गरिएको छ।


तालिका ४: न्यायिक समितिहरुको कार्यसम्पादन अवस्था



## ११. नदीजन्य पद्धार्थको उत्खनन् तथा बिक्रीको अवस्था

प्रचलित कानून बमोजिम झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुले नदीजन्य पद्धार्थको उत्खनन् तथा बिक्री सम्बन्धी व्यवस्थापनमा के गरिरहेका छन भनि जिल्ला समन्वय समिति झापाले निर्धारित ढाँचा मार्फत विवरण माग गरेकोमा सम्बन्धित स्थानीय तहहरुले पेश गरेका तथ्याङ्कका आधारमा झापा जिल्लामा नदीजन्य पद्धार्थको उत्खनन् तथा बिक्रीको अवस्था तलको स्तम्भचित्र मार्फत प्रस्तुत गरिएको छ।

**तालिका ५: स्थानीय तहहरुले नदीजन्य पद्धार्थ बिक्रीका लागि स्वीकृत गरेको तथा कुल परिमाण र बिक्रीको वास्तविक अवस्थाबीचको तुलनात्मक अवस्था**



## १२. स्वीकृत दरवन्दी तेरिज तथा पदपूर्तिको अवस्था

स्थानीय तहहरुले आफ्नो कार्यालयको स्वीकृत दरबन्दी तेरिज तथा पदपूर्तिको अवस्था सम्बन्धमा पठाएको तथ्याङककका आधारमा ती स्थानीय तहहरुमा विधमान जनशक्तिको अवस्थालाई तल दिईएको स्तम्भचित्र बाट प्रस्तुत गरि देखाइएको छ।

| क्र स | कार्यालयको नाम | कूल स्वीकृत दरवन्दी | पदपूर्ति सख्या | रिक्त दरवन्दी |
|---|---|---|---|---|
| १ | मेचीनगर नगरपालिका | १३९ | | |
| २ | भद्रपुर नगरपालिका | ९० | ६१ | २९ |
| ३ | अर्जुनधारा नगरपालिका | १८४ | १७९ | ५ |
| ४ | बिर्तामोड नगरपालिका | १०४ | ८४ | २० |
| ५ | कनकाई नगरपालिका | ४७ | ३२ | १५ |
| ६ | शिवसताक्षी नगरपालिका | कार्यप्रगति नै पेश नगरेको | | |
| ७ | गौरादह नगरपालिका | ११८ | ५६ | ६२ |
| ८ | दमक नगरपालिका | २०७ | १६४ | ४३ |
| ९ | कचनकवल गाउँपालिका | ३४ | २७ | ७ |
| १० | हल्दिवारी गाउँपालिका | २९ | २८ | १ |
| ११ | बुद्धशान्ति गाउँपालिका | ७९ | ६९ | १० |
| १२ | बाह्रदशी गाउँपालिका | ३२ | २४ | ५ |
| १३ | झापा गाउँपालिका | O & M नभएको र तथ्याङ्क पुरा प्राप्त नभएको | | |
| १४ | गौरीगञ्ज गाउँपालिका | ३२ | ३० | २ |
| १५ | कमल गाउँपालिका | ५४ | ४८ | ६ |

## १३. स्थानीय तहभित्र रहेका विद्यालय र विधार्थीहरुको संख्यात्मक विवरण

झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुमा रहेका सामुदायिक विद्यालय, संस्थागत विद्यालय र धार्मिक विद्यालयहरुको संख्या र ति संस्थाहरुमा अध्ययनरत विधार्थीहरुको विवरण देहायनुसार रहेको छ ।

| क्र स | स्थानीय तह | सामुदायिक | | संस्थागत | | धार्मिक | |
|---|---|---|---|---|---|---|---|
| | | बिधालय | बिधार्थी | बिधालय | बिधार्थी | बिधालय | बिधार्थी |
| १ | मेचीनगर नगरपालिका | ४२ | १०५०६ | ५७ | १४९२१ | ४ | २६९ |
| २ | भद्रपुर नगरपालिका | ३१ | ६४७७ | ३१ | १०८०४ | २ | १५० |
| ३ | कचनकवल गाउँपालिका | २६ | ७१४३ | १४ | ४३८३ | १३ | १३५० |
| ४ | हल्दिवारी गाउँपालिका | १७ | ४६३० | १२ | ४३०७ | १ | ३१ |
| ५ | बुद्धशान्ति गाउँपालिका | १६ | ५८१६ | १७ | ६५३३ | २ | ६३ |
| ६ | अर्जुनधारा नगरपालिका | २८ | ६७७० | २९ | ९२६२ | ५ | १६२ |
| ७ | बिर्तामोड नगरपालिका | १८ | १२०७७ | ५७ | २५६४५ | २ | १६७ |
| ८ | कनकाई नगरपालिका | १४ | ५८५० | २३ | ८३१० | ३ | १५७ |
| ९ | बाह्रदशी गाउँपालिका | १६ | ४४४८ | १३ | ४५५५ | १० | ७७६ |
| १० | झापा गाउँपालिका | २२ | नखुलेको | १४ | ३८४८ | १८ | २००५ |
| ११ | शिवसताक्षी नगरपालिका | समीक्षाका लागि विवरण प्राप्त नभएको । | | | | | |
| १२ | गौरादह नगरपालिका | ४२ | ७५५१ | ३२ | ५८५४ | ५ | १२६ |
| १३ | दमक नगरपालिका | २१ | ११११८ | ६६ | २२४५२ | २ | ८८ |
| १४ | गौरीगञ्ज गाउँपालिका | २६ | ६६०१ | २५ | ४३३४ | ३ | २२० |
| १५ | कमल गाउँपालिका | २१ | ६०८४ | २१ | ६०९५ | ३ | ३५ |

## १४. स्थानीय तहका बहुवर्षीय आयोजना तथा कार्यान्वयन अवस्था

झापा जिल्लाका स्थानीय तहहरुले गत आ व २०८०/८१ देखि कार्यान्वयनमा ल्याएका केही बहुवर्षीय तथा गौरवका आयोजनाहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्र स | स्थानीय तह | बहुवर्षीय तथा गौरवका केही मुख्य आयोजनाहरु | |
|---|---|---|---|
| १ | भद्रपर नगरपालिका | कमलधाप पर्यटकीय सिमसार निर्माण | साईन्स पार्क निर्माण |
| | | मुख्य प्रशासनिक भवन निर्माण | मेयर सन्थाल आवास निर्माण |
| २ | मेचीनगर नगरपालिका | सहिद मार्ग स्तरोन्नति बहुवर्षीय | सुर्योदय मार्ग स्तरोन्नति बहुवर्षीय |
| | | मेचीनगर खेलकुद मेनिया | युवा विकास परिषद आइडिया हन्ट |
| ३ | अर्जुनधारा नगरपालिका | एकिकृत विपद व्यवस्थापन केन्द्र निर्माण | पशु अस्पताल निर्माण |
| | | महानन्द चोक लक्ष्मीपर सडक | शनिश्चरे अस्पताल निर्माण |
| ४ | बिर्तामोड नगरपालिका | बिर्ताबजार कृषि बजार तथा सामुदायिक भवन निर्माण | बिर्तामोड नगर अस्पताल भवन निर्माण १५ बेडको |
| | | शनिश्चरे हुँदै अतिथिसदन कृष्णहल सडक कालोपत्रे तथा मर्मत संभार | बुट्टाबारी देखि प्याकुरेल चोक सडक |
| ५ | कनकाई नगरपालिका | कृषि बजार भवन निर्माण | मेयर आवास कार्यक्रम |
| | | जनपथ मार्ग कालोपत्रे | कोच राजवंशी साष्कृतिक संरक्षण तथा पर्यटन प्रवर्द्धन केन्द्र भवन निर्माण |
| ६ | शिवसताक्षी न.पा. | विवरण प्राप्त नभएको | |
| ७ | दमक नगरपालिका | मदनडाँगी ताराबारी डिपु सडक अपग्रेड | दमक सपिङ कम्प्लेक्स निर्माण |
| | | हिमालय मा वि भवन निर्माण | ढुकुरपानी मा वि भवन निर्माण |
| ८ | गौरादह नगरपालिका | चान्दु खानेपानी आयोजना निर्माण | कभर्ड हल निर्माण |
| | | सिँचाई सामाग्री तथा कृषि औजार खरिद तथा वितरण | कृषि बजार इन्टरलकिङ कार्य |
| ९ | कचनकवल गा. पा. | कचनकवल स्तम्भ | |
| १० | हल्दिवारी गाउँपालिका | १५ शैय्या अस्पताल निर्माण | भेलागुडी चिल्ड्रेन पार्क |
| | | ढडुवा हुँदै जम्वाचोक चिल्ड्रेन सडक | भेलागुडी लोकतान्त्रिक पार्क |
| ११ | बुद्धशान्ति गाउँपालिका | भागिरथा बुद्धशान्ति अस्पताल निर्माण | व्यवसायिक भवन निर्माण |
| | | ल्याण्डफिल साइट विथ ईन्सिनेटर | महानन्द जनपैनी कुलो निर्माण |
| १२ | बाह्रदशी गाउँपालिका | कन्चन धरहरा | मुख्य प्रशासनिक भवन |
| | | पन्ध्र शैय्या अस्पताल | साधुपर्ती सिमसार पर्यटन सिमसार |
| १३ | झापा गाउँपालिका | साल्मारा सम्मको कालोपत्रे सडक | प्रहरी चौकी सम्म कालोपत्रे सडक |
| | | फुल्गाछी देखि पूर्व जाने कालोपत्रे देखि गणित गाउँ जाने कालोपत्रे | चर्तागाछी देखि भानुभक्त प्रा वि सम्म कालोपत्रे |

| | | | |
|---|---|---|---|
| १४ | गौरीगञ्ज गाउँपालिका | यस सम्बन्धी विवरण उपलब्ध नगराएको | |
| १५ | कमल गाउँपालिका | क्याम्पा छाता चोक समयगढ देखि सुनानारा जाने सडक कालोपत्रे | लखनपुर प्राइमरी हेल्थ पोष्ट भवन निर्माण |

## १५. स्थानीय तहहरुबाट सम्पादित मुख्य मुख्य कार्यहरुको संक्षिप्त विवरण

**मेचीनगर नगरपालिका**

- मेचीनगर खेलकद मेनिया २५०० खेलाडी सहभागी भएको।
- लागूपद्धार्थ दुर्व्यसन न्यूनिकरण कार्यक्रम
- यूवा विकास परिषद आइडिया हन्ट
- मदन आश्रित मार्ग कालोपत्रे
- आदर्श मा वि भवन निर्माण
- दुवागढी स्वास्थ्य चौकी भवन निर्माण
- शिप विकास तालिम केन्द्र सञ्चालन तथा कोसेली घर निर्माण

**बिर्तामोड नगरपालिका**

- नगरका विभिन्न वडाहरुमा कालोपत्रे सडक निर्माण
- गणतान्त्रिक मार्ग क्रस ड्रेन निर्माण
- चिस्यान केन्द्र व्यवस्थापन तथा संचालन
- शवदाह स्थल निर्माण
- खेल मैदान निर्माण
- सडक, नाला, पेभर्स तथा कल्भर्ट निर्माण

**कनकाई नगरपालिका**

- मेयर आवास कार्यक्रम
- जनपथ मार्ग कालोपत्रे
- जामनबारी चोकदेखि वनपथ हँदै बायोग्यास सम्म पर्वाधार निर्माण
- पञ्चायत मार्ग कालोपत्रे
- वडा कार्यालयहरु ४, ६ र ८ को भवन निर्माण
- कोच राजबंशी साँष्कृतिक संरक्षण तथा पर्यटन प्रवर्द्धन केन्द्र भवन

**भद्रपुर नगरपालिका**

- मेयर सन्थाल आवास निर्माण
- गायत्री मन्दिर देखि गार्मेन्ट चोक जाने बाटो कालोपत्रे
- सगरमाथा चोकदेखि पुरानो न पा हुदै भन्सार जाने बाटो कालोपत्रे

**अर्जुनधारा नगरपालिका**

- कभर्ड हल निर्माण
- पुल तथा कल्भर्ट निर्माण
- शनिश्चरे बजार सौन्दर्यकरण
- सडक कालोपत्रे
- तटबन्धन कार्य

**गौरादह नगरपालिका**

- चान्दु खानेपानी आयोजना निर्माण
- सिँचाई सामाग्री तथा कृषि औजार खरिद तथा वितरण
- कभर्ड हल निर्माण
- कृषि बजार ईन्टरलकिङ कार्य
- दामुना बजार व्यवसायिक टहरा निर्माण
- कृष्ण खोला मोटरेबल पक्की पुल निर्माण

**दमक नगरपालिका**

- सेफहाउस भवन निर्माण तथा सञ्चालन
- एकीकृत बेसार खेती
- बालविकास केन्द्र खेल सामाग्री व्यवस्थापन
- प्रहरी तथा समुदायसँगको सहकार्यमा लागुपद्धार्थ दुर्व्यसनी नियन्त्रण
- कक्षा ५ सम्मको शिक्षा पूर्ण निशूल्क
- विधालय शिक्षा सुधार योजना कार्यान्वयन

**कचनकवल गाउँपालिका**

- १ वडा १ कालोपत्रे सडक सात वडामा
- कचनकवल स्तम्भ निर्माण

**झापा गाउँपालिका**

- छात्र तथा छात्रालाई साईकल वितरण कार्यक्रम
- डेलिभरीका लागि निशूल्क एम्बुलेन्स सेवा
- जनता उपचार कार्यक्रम
- युवा सिपमुलक कार्यक्रम

**हल्दिवारी गाउँपालिका**

- १५ शैय्याको अस्पताल निर्माण
- बिधार्थीसँग जनप्रतिनिधि कार्यक्रम
- गोलधाप धनुषा कालोपत्रे सडक निर्माण
- भुतेनी खोलामा पुल निर्माण
- ढडुवा जाम्मा चोक सडक कालोपत्रे
- जलथल पर्यटकीय सडक बक्स कल्भर्ट निर्माण
- पशु अस्पताल निर्माण

| | |
|---|---|
| ▪ ४० यूनिट विद्युत खपत गर्ने परिवारलाई निशुल्क विद्युत सहायता<br>▪ जेष्ठ नागरिक धार्मिक यात्रा र तिर्थाटन कार्यक्रम<br><br>बुद्धशान्ति गाउँपालिका<br>▪ महानन्द सडक खण्ड कालोपत्रे<br>▪ आदर्श मावि भवन निर्माण<br>▪ प्रगति कृषि सडक निर्माण<br>▪ आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण<br>▪ भोटेटार कृषि बजार निर्माण<br>▪ गोलाटार सिँचाई कूलो निर्माण<br>▪ हरित पार्क पर्यटकीय क्षेत्र स्तरोन्नति<br>▪ दामाखोला पूल निर्माण | बाह्रदशी गाउँपालिका<br>▪ गौरीशंकर मावि भवन निर्माण<br>▪ घाग्रा खोला जाने बाटो कालोपत्रे<br>▪ डाडागाउँबाट सुरुङ्गा खोला जानेबाटो कालोपत्रे<br>▪ बुट्टाबारी बजार निर्माण<br>▪ सिमलचोक सामुदायिक भवन निर्माण<br>▪ राजगढ बजार कालोपत्रे<br>▪ मिलन मार्ग स्तरोन्नति<br>▪ राजगढ आधारभूत अस्पताल जोड्ने बाटो निर्माण |

## १६. स्थानीय तहका साझा समस्या तथा चुनौतीहरु

झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुले सामना गरिरहेका केही समस्या तथा चुनौतीहरुलाई प्रस्तुतीकरणका आधारमा तल राखिएको छ जुन यसप्रकार रहेका छन् ।

⇒ संघीय सरकारबाट अनुदान रकममा कटौती

⇒ कमजोर आन्तरिक राजस्व परिचालन

⇒ ढुङ्गा गिट्टी बालुवा उत्खनन् सम्बन्धी कानुनको अष्पस्टता

⇒ चुरे क्षेत्रको कारण उत्पन्न नीतिगत समस्या

⇒ भूमिहीन तथा अव्यवस्थित बसोवासीलाई लालपूर्जा वितरण

⇒ सार्वजनिक जग्गामा बन्ने संरचना र सरकारको लगानी

⇒ फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधान हुन नसकेको

⇒ सडक बत्तिको भार व्यवस्थापनमा समस्या

⇒ हात्ती आतङ्कबाट जनधनको क्षति

## १७. प्राप्त सुझावहरु

अधिकांश स्थानीय तहहरुले भोगिरहेका साझा समस्या तथा चुनौतीहरुलाई समाधान तथा न्यूनिकरण गर्न निम्नानुसारका सुझावहरु प्राप्त भएका थिए जुन यसप्रकार रहेका छन् ।

- संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने सिलिङ बमोजिमको अनुदान रकम प्राप्तिको प्रत्याभूति हुनुपर्ने
- जिल्ला समन्वय समितिबाट आवधिक अनुगमन र पृष्ठपोषण दिनुपर्ने
- ढुङ्गा गिट्टी बालुवा उत्खनन् सम्बन्धी पूर्ण र स्पष्ट कानूनी व्यवस्था हुनुपर्ने
- नदीको बहाव क्षेत्र बाहिर रहेका निजी जग्गाको भोगाधिकार स्पष्ट हुनुपर्ने
- चुरे क्षेत्रमा रहेका निजी जग्गाको भोगाधिकार स्पष्ट हुनुपर्ने
- भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई लालपूर्जा वितरणको लागि राजस्व दर निर्धारण गर्नुपर्ने
- अन्तरपालिका फोहोरमैला व्यवस्थापनका लागि जिल्ला समन्वय समितिले समन्वय र सहकार्य गर्नुपर्ने
- सडक बत्ती भार बढ्दो छ यसको प्रभावकारी व्यवस्थापनमा जिल्ला समन्वय समितिले पहल गर्नुपर्ने
- हात्ती आतङ्कबाट हुनसक्ने जनधनको क्षतिलाई न्यूनिकरण गर्न जिल्लामा साझा प्रयासका लागि पहल हुनुपर्ने
- बार्षिक समीक्षा प्रस्तुति र उपस्थितिका आधारमा LISA मा कम्तिमा ५ अंक सहितको सुचक राख्ने व्यवस्था हुनुपर्ने